धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५४ ◆ २०८३ भदौ २५ बिहीबार ◆ Thursday, September 10, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## बाढीबाट प्रभावित नागरिकको आक्रोशलाई राज्यप्रतिको अपेक्षा र अन्तिम गुहारका रूपमा बुझ्नुपर्छः सभापति लामिछाने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले बाढीबाट प्रभावित नागरिकको आक्रोशलाई सरकारविरुद्धको प्रहारका रूपमा नभई राज्यप्रतिको अपेक्षा र अन्तिम गुहारका रूपमा बुझ्नुपर्ने बताउनु भएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा समय लिएर बोल्दै सभापति लामिछानेले विपत्तिमा परेका नागरिकमाथि सामाजिक सञ्जाल मार्फत टिप्पणी, कटाक्ष वा साइबर बुलिङ नगर्न पनि आग्रह गर्नुभयो ।

यही भदौ १० गते रसुवाको भोटेकोशी हुँदै आएको विनाशकारी बाढीलाई केवल प्राकृतिक विपत्ति मात्र नभई जलवायु अन्यायको परिणामका रूपमा लिएर विश्व स्तरमा प्रभावकारी पहल गर्न सरकारसँग उहाँले आग्रह गर्नुभयो । बाढीमा ज्यान गुमाएका तथा बेपत्ता नागरिकप्रति श्रद्धाञ्जली र पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै सभापति लामिछानेले विपत्तिमा परेका नागरिकको उद्धार अझै जारी रहेकाले सुखद समाचारको आशा मार्न नहुने बताउनुभयो । जलवायु परिवर्तनमा नेपालको योगदान नगन्य भए पनि त्यसको गम्भीर असर नेपाली नागरिकले भोगिरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै सभापति लामिछानेले जलवायु परिवर्तनका कारण हुने क्षतिको न्यायोचित अन्तरराष्ट्रिय सम्बोधन हुन आवश्यक रहेको बताउनुभयो ।

उहाँले विपत्तिमा ज्यान गुमाएका नागरिकलाई प्राकृतिक विपत्तिका सामान्य मृतकका रूपमा मात्र हेर्न नहुने धारणा राख्नुभयो । विपत्तिको समयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा आम नागरिकले निर्वाह गरेको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो । सभापति लामिछानेले विपत्ति आइलाग्नासाथ राज्य संयन्त्र परिचालन गरी प्राथमिकतासाथ उद्धार, उपचार र राहतको काम सुरु गरेकामा सरकारलाई धन्यवाद दिनुभयो ।

उहाँले अहिलेको समयमा सरकारले गरेको उद्धार तथा राहत प्रयासको आलोचना मात्र गरेर समय खेर फाल्न नहुने धारणा व्यक्त गर्नुहुँदै आआफ्नो क्षेत्रबाट बाढी पीडितलाई सक्दो सहयोग गर्न अनुरोध गर्नुभयो । 'विपद्को समयमा हामी सरकारको साथमा छौं' भन्ने भावनासहित उहाँले विपत्तिलाई राजनीतिक लाभ-हानिको विषय बनाउन नहुने बताउँदै उहाँले सरकारका कामको रचनात्मक आलोचना गर्दै जवाफदेहिता माग्नु प्रतिपक्षको अधिकार र कर्तव्य भए पनि राष्ट्रिय पीडालाई राजनीतिक हतियार



बनाउन नहुने बताउनुभयो । अहिलेको विषम् परिस्थितिमा राहत र पुनर्निर्माणमा मात्र सीमित नभई त्यसको मूल कारणसम्म पुग्नुपर्नेमा जोड दिनुहुँदै जलवायु परिवर्तनले गहिरिँदै गएको सङ्कटको परिणामका रूपमा यस्ता विपत्ति बढ्न सक्ने भएकाले नेपालले जलवायु न्यायका लागि विश्व अभियान अघि बढाउनुपर्ने उहाँको भनाइ थियो ।

यसका लागि हिमालयलाई विशेष जलवायु तथा विपद् जोखिम क्षेत्रका रूपमा (बाँकी पृष्ठ ३ मा)

## विदेशमा रहेका मतदाताको मताधिकार बारे निर्वाचन विज्ञसँग छलफल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । निर्वाचन आयोगले मतदाता नामावलीमा नाम समावेश भएका तर निर्वाचन क्षेत्रभन्दा बाहिर वा विदेशमा रहेका नेपाली मतदातालाई मतदानको अवसर उपलब्ध गराउने सम्बन्धमा विज्ञ तथा सरोकारवालासँग बुधबार छलफल गरेको छ ।

छलफलमा नीति अनुसन्धान प्रतिष्ठान, नेपाल पोलिसी इन्स्टिच्युट, विश्वविद्यालय का अध्येता र अनुसन्धानकर्ता, कम्प्युटर एसोसिएसन नेपाल महासङ्घ, ब्लकचेन एसोसिएसन, सूचना प्रविधि तथा साइबर सुरक्षा विज्ञ तथा अन्य सम्बन्धित क्षेत्रका विज्ञको सहभागिता थियो । कार्यक्रममा हुलाक मतदान, प्रतिनिधिमार्फत मतदान, इन्टरनेट मतदान तथा सूचना प्रविधि-सहयोगी हुलाक मतदान लगायतका सम्भावित विकल्प तथा तिनका अवसर, चुनौती र कार्यान्वयनका पूर्वशर्तबारे छलफल गरिएको थियो ।

त्यसैगरी, मतदाता पहिचान तथा प्रमाणीकरण, एक व्यक्ति-एक मत, मतपत्रको गोपनीयता, साइबर तथा सूचना प्रविधि सुरक्षा, प्रणालीको विश्वसनीयता तथा लेखापरीक्षण, लागत, मतदाता शिक्षा, जनशक्ति, परीक्षण र चरणबद्ध कार्यान्वयनलगायतका विषयमा विज्ञहरूको अनुभव, धारणा र सुझाव प्राप्त गरिएको आयोगले जनाएको छ । कार्यक्रममा निर्वाचन आयुक्त डा राजीव सुब्बाले विदेशमा तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदाताको मतदानमा सहभागिता सुनिश्चित गर्ने आवश्यकता, सम्भावित मतदानका विभिन्न मोडेल तथा विश्व अनुभवका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

## अदालती मुद्दाको चाप घटाउन मेलमिलाप विधेयकः मन्त्री गौतम

काठमाडौं । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले दुवै पक्षले हार र जितको अवस्था हासिल गराउन मेलमिलाप सम्बन्धी विधेयक संशोधन गर्न लागिएको बताउनुभएको छ ।



प्रतिनिधिसभाको बुधबार को बैठकमा 'मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव माथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले मेलमिलाप बढेमा अदालतमा मुद्दाको चाप घटाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले मेलमिलाप कार्य बढेमा दुवै पक्षको खर्च कम हुने, छिटो र सरलरूपमा न्याय प्राप्त हुने तथा विवादित पक्षमा पछिसम्म 'इगो' कायम नहरने स्पष्ट गर्नुभयो । उहाँले कानुनले मेलमिलाप गर्न निषेध गरिएका विषयमा मेलमिलाप नहुने बताउनुभयो ।

उक्त विधेयकमाथिको छलफलमा सांसदहरू अशोककुमार चौधरी, पद्माकुमारी अर्याल, मोहम्मद फिरदोश आलम, माधवबहादुर, थापा, कृष्णहरि बुढाथोकी, समीक्षा बाँस्कोटा, सिर्जना श्रेष्ठ, पारशमणि गेलाल, पूर्णप्रसाद लिम्बू, विश्वराज पोखरेल, यज्ञमणि न्यौपाने, रेनुका काउचा, बलावती शर्मा, नरेन्द्रकुमार केरूङ, शोभा खनाल, परशुराम तामाङ, प्रेमलाल चौधरी, पुष्पा कुमारी चौधरी, अप्सना बानु, रञ्जु न्यौपाने, निराशा चौधरी डगौरा, मोहनलाल आचार्य, गजला शमिम मिकरानी, मधुकुमार चौलागाईं, मनिष खनाल र ठाकुरसिंह थारूले भाग लिनुभयो ।

यसैगरी सांसदहरू ज्ञानु पौडेल, प्रेमबहादुर बयक, टुकाभद्र हमाल, गुरूप्रसाद बराल, सन्तोष सुब्बा, रत्नाकुमारी थापा, हरिमोहन भण्डारी, हरिप्रसाद भुसाल, साजिदा खातुन सिद्धिकी, गणेशबहादुर विश्वकर्मा, इन्दिरा राना मगर, पवित्रा विक र पुकार बमले छलफलमा भाग लिनुभयो ।

सांसदहरूले स्थानीय तहको सहयोगका सामुदायिक मेलमिलाप कार्य बढाउन विधेयक महत्त्वपूर्ण हुने तर बाध्यताका आधारमा मेलमिलाप हुन नहुने धारणा राख्नुभयो । यस्तै मेलमिलाप को ध्येय मुद्दा घटाउनु मात्र होइन न्यायपूर्ण समाजको स्थापना पनि गर्नु भएकाले विधेयकलाई त्यसअनुसार संशोधन गर्न सुझाव दिइयो । छलफलमा भाग लिने सदस्यले न्यायाधीशलाई मेलमिलापकर्ताका रूपमा काम लगाउँदा सम्मान हुन्छ कि अपमान हुन्छ भन्नेमा विमर्श गर्न आग्रह गर्नुभएको थियो ।

बैठकमा सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको छ ।

## राहत, उद्धार तथा पुन : स्थापनाका लागि कोष वृद्धि हुँदै

काठमाडौं । प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा क्रमशः रकम वृद्धि हुँदै गएको छ ।

भोटेकोशी नदीमा आएको बाढीपीडितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि दाताहरुले र कम जम्मा दाखिला गर्न उत्साहित भएका कारण कोषमा रकम बढ्दै गएको हो । लिस्बन (पोर्चुगल): पोर्चुगलबाट होटल व्यवसायी र ाजकुमार गौतमले बुधबार रु पाँच लाख आर्थिक सहयोग गर्नुभएको छ । उहाँले सो रकम पोर्चुगलबाटै बुधबार प्रधानमन्त्री राहत कोषमा दाखिला गर्नुभएको हो । उहाँ होटल व्यवसायी हुनुहुन्छ । काभ्रेपलाञ्चोक: निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल (प्याब्सन) काभ्रे, शाखाले बाढीपीडितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि रु ३२ लाख ४६ हजार ७५२ प्रधानमन्त्री राहत कोषमा दाखिला गरेको छ ।

प्याब्सन पनौतीले रु ११ लाख २४ हजार ३३, प्याब्सन पाँचखालले रु तीन लाख सात हजार ४८४ र बनेपा नगर प्याब्सनले रु १७ लाख ५२ हजार २३५ सहयोग गरिएको प्याब्सनका उपमहासचिव भीमसेन केसीले बताउनुभयो ।

पर्सा: वीरगञ्ज महानगर पालिका- १० को शिवम् बचत तथा ऋण सहकारी संस्थाले रु दुई लाख ५१ हजार प्रधानमन्त्री राहत कोषमा दाखिला गरिएको अध्यक्ष शिवजी प्रसाद कलवारले बताउनुभयो ।

कपिलवस्तु: तौलिहवास्थित कालिका स्वावलम्बन सामाजिक केन्द्रले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक लाख ५५ हजार सहयोग गरेको केन्द्रका अध्यक्ष मन्दिप सिंहले बताउनुभयो । तनहुँ: तनहुँ समाज, युकेले बाढीपहिरोबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि रु १० लाख १९५ सहयोग गरेको छ । समाजले बेलायतमा संकलन गरेको उक्त र कमको चेक बुधबार अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरि एको तनहुँ समाज युकेका उपाध्यक्ष निर्मला थापाले बताउनुभयो ।

## परराष्ट्रमन्त्री खनालसँग श्रीलंकाकी राजदूत डेल्पिटियाको भेट

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनाल सँग नेपालका लागि श्रीलङ्काकी राजदूत रुवान्थी डेल्पिटियाले शिष्टाचार भेट गर्नुभएको छ ।

परराष्ट्र मन्त्रालयमा बुधबार भएको भेटमा राजदूत डेल्पिटियाले हालैको विनाशकारी बाढीबाट प्रभावित नेपालका लागि श्रीलङ्का सरकारको तर्फबाट १० लाख अमेरिकी डलर आर्थिक सहयोग हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा राजदूत डेल्पिटियाले बाढीका कारण भएको जनधन तथा पूर्वाधारको क्षतिप्रति श्रीलङ्का सरकार र जनताको तर्फबाट दुःख व्यक्त गर्दै नेपाल सरकार र नेपाली जनताप्रति ऐक्यबद्धता प्रकट गर्नुभयो ।

उहाँले बाढीप्रभावित क्षेत्रमा जारी मानवीय सहायता तथा राहत प्रयासमा सहयोग पुर्याउने उद्देश्यले श्रीलङ्का सरकार बाट प्रदान गरिएको आर्थिक सहयोग परराष्ट्रमन्त्री खनाललाई हस्तान्तरण गर्नुभयो । उक्त अवसरमा परराष्ट्रमन्त्री खनालले विपद्को यस कठिन समयमा नेपालप्रति ऐक्यबद्धता र सहयोग व्यक्त गर्नुका साथै राहत तथा मानवीय प्रयासका लागि आर्थिक सहयोग उपलब्ध गराएकोमा श्रीलङ्का सरकार र त्यहाँका जनताप्रति गहिरो कृतज्ञता व्यक्त गर्नुभयो । मन्त्री खनालले श्रीलङ्काको सहयोगले नेपाल र श्रीलङ्काबीच रहेको गहिरो मित्रता, पारस्परिक सहयोग र सहकार्यलाई प्रतिविम्बित गरेको बताउनुभयो । साथै, विपद्को समयमा श्रीलङ्काले देखाएको सद्भाव र सहयोगका लागि नेपाल सरकारको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो ।

## आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा अन्तरंग सेवा सुरु गरिँदै

बागमती । आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, हेटौंडामा १६ शैयासहितको अन्तरङ्ग सेवा सुरु गर्न लागिएको छ ।

आयुर्वेद चिकित्साप्रति सर्वसाधारणको आकर्षण बढेपछि त्यस चिकित्सालयमा अन्तरङ्ग सेवा सुरु गरिन लागेको हो । उक्त सेवाका लागि आवश्यक पूर्वाधारसहित चिकित्सक उपलब्ध रहे पनि नर्सिङ विभागतर्फका कर्मचारी थप आवश्यक भएको चिकित्सालयका प्रमुख डा अमूल्य दाहालले जानकारी दिनुभयो ।

अन्तरङ्ग सेवा सुरु गर्नका लागि न्यूनतम चार जना नर्सिङ स्टाफ आवश्यक हुने बताउँदै उहाँले त्यो उपलब्ध भएसँगै सेवा सञ्चालनमा ल्याइने जानकारी दिनुभयो । चिकित्सालयमा हाल बहिरङ्ग सेवासहित फिजियोथेरापी, प्रयोगशाला, पूर्वकर्म/पञ्चकर्म, अक्युपन्चरजस्ता सेवा सञ्चालनमा छन् ।

चिकित्सालयबाट हाल दैनिक करिब दुई सयको सङ्ख्यामा सर्वसाधारणले उपचार सेवा



लिइरहेको सूचना अधिकारी अशोककुमार झाले जानकारी दिनुभयो ।

सम्पादकीय ....

## जलवायु परिवर्तनको चुनौती

नेपालमा विपत् जोखिम न्यूनीकरणका लागि नक्साङ्कन, पूर्वसूचना, सुरक्षित पूर्वाधार, सामुदायिक पूर्वतयारी र संस्थागत क्षमता विकास जस्ता प्रयास अघि बढेका छन्। मानिसहरूले पनि जोखिमलाई जीवनको अङ्गका रूपमा स्विकार्न थालेका छन् तर अव्यवस्थित विकास, भाग्यवादी सोच र फितलो कानुनका कारण जोखिम न्यूनीकरण पर्याप्त हुन सकेको छैन। उद्धार र राहतमै केन्द्रित प्रतिक्रियामुखी प्रणाली हाबी हुनु प्रमुख चुनौती बनेको छ।

यसैबिच २०८३ भदौ १० मा भोटेकोशी-त्रिशूली क्षेत्रमा विनाशकारी विपत् आइलाग्यो। पाँच हजार दुई सय मिटर उचाइबाट बरफ र चट्टानसहितको ठुलो ढिक्का तीव्र गतिमा तल झर्दा उत्पन्न परिणाम जटिल भौगर्भिक प्रक्रिया हो। यसले ५.२ म्याग्निच्युडको कम्पन पैदा गर्दै चट्टान, माटो र बरफको लेदो सिर्जना गऱ्यो। प्रतिघण्टा १७० देखि १८० किमीको औसत गतिमा बगेको यो लेदोले सात आठ मिनेटमै १७-१८ किमी दुरी पार गरी तल्लो भेगका बस्तीमा भीषण क्षति पुऱ्याउँदै ठुलो मानवीय र राष्ट्रिय सङ्कट निम्त्यायो।

यो घटना केवल हिमताल फुटेर नभई हिम-चट्टानी पहिरो, तीव्र लेदो, बाढी र दोस्रो पहिरोको अन्तरसम्बन्धित शृङ्खला हो। यसको मूल कारणबारे वैज्ञानिक अध्ययन आवश्यक छ। यसले भूउपग्रह निगरानी, हिमनदी अध्ययन र सीमापार सूचना आदानप्रदानसहितको प्रभावकारी पूर्वचेतावनी प्रणालीको खाँचो औंल्याएको छ। ल्हेन्देखोलाको माथिल्लो हिमाली क्षेत्रमा सुरु भएको यो विपत् स्थानीय क्षतिमा मात्र सीमित रहेन। यसले राष्ट्रिय अर्थतन्त्र र रणनीतिक पूर्वाधार कति परस्पर निर्भर छन् भन्ने गम्भीर सन्देश दिएको छ। पानी, बरफ, चट्टान, माटो र गेग्ग्रानसहितको तीव्र बहाबले सडक, पुल, बस्ती, जलविद्युत् आयोजना र विद्युत् प्रसारण संरचनामा क्षति पुऱ्याउँदा त्यसको असर यातायात, ऊर्जा र सञ्चारको निरन्तरतामा समेत पर्न गएको छ। सरकारको प्रारम्भिक तथ्याङ्क अनुसार करिब ३८७ अर्ब रुपियाँ बराबरको क्षति भएको छ। यो क्षतिलाई तीन किसिमले वर्गीकरण गर्नु पर्छ। पहिलो- मानवीय तथा सामाजिक क्षति, दोस्रो- भौतिक तथा आर्थिक क्षति र तेस्रो- दीर्घकालीन आर्थिक, सामाजिक र राष्ट्रिय विकासमा पुऱ्याएको क्षति। यीमध्ये मानवीय क्षति नै सबैभन्दा ठुलो क्षति हो।

नेपाल र चीनबिचको उत्तरी व्यापारिक नाका जोड्ने सडक र पुलमा क्षति हुँदा आयातनिर्यात प्रभावित हुनुका साथै आपूर्ति शृङ्खला अवरुद्ध भएको छ। यसको प्रत्यक्ष असर दैनिक उपभोग्य वस्तुको आपूर्ति, निर्माण सामग्री, इन्धन तथा अन्य आवश्यक वस्तुको ढुवानीमा परेको छ। व्यापारिक गतिविधि सुस्त हुँदा भन्सार राजस्व, स्थानीय रोजगारी र व्यवसायमा समेत असर पुगेको छ। त्यस्तै जलविद्युत् तथा प्रसारण संरचनामा क्षति भएकाले ऊर्जा उत्पादन, प्रसारण र औद्योगिक गतिविधिको निरन्तरतामाथि जोखिम बढेको छ।

यातायातमा अवरोध, ऊर्जा सङ्कट, आपूर्ति शृङ्खला विच्छेद, व्यापारिक क्षति, पर्यटनमा गिरावट र पुनर्निर्माणको बढ्दो आर्थिक भारले राष्ट्रिय अर्थतन्त्रमा बहुगुणक प्रभाव पार्न सक्छ। त्यसैले यस्तो विपत्लाई स्थानीय प्राकृतिक घटना भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## रसुवा बाढी र आगामी कार्यदिशा



डा गङ्गालाल तुलाधर

हालै रसुवाको भोटेकोशीमा आएको बाढी सामान्य बाढी मात्र नभई कसैले अनुमानसम्म लगाउन नसकिने प्राकृतिक प्रलय नै हो। विगतमा पनि हिमताल विस्फोट भई पटकपटक आएका बाढीका आधारमा यसलाई विज्ञानमा आधारित भएर न्यूनीकरणका तरिकाहरु अपनाउनुपर्छ भन्ने कुरा संसद्देखि राष्ट्रिय अन्तरराष्ट्रिय मञ्चहरुमा उठाउँदै आएका थियौँ। समयमै यस बारेमा हामीले गम्भीरता देखाउन नसक्दा आज यति ठूलो प्रलय भोग्न विवश भयौँ। नेपाल जलवायु परिवर्तन, बाढीजन्य विपद्, भूकम्पलगायत विभिन्न बहुप्रकोपीय उच्च जोखिममा रहेको हुँदा यसबाट कसरी सुरक्षित रहन सकिन्छ भन्ने बारेमा विगतमा कहिल्यै गम्भीरता देखाइको पाइँदैन।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम र इसिमोडले केही वर्षअघि नै दिएको प्रतिवेदनमा हिमालय क्षेत्रमा तीन हजार ६२४ वटा हिमताल पहिचान भएका र त्यसमा ४७ वटा ताल कुनै पनि बेला विस्फोट हुनसक्ने अवस्थाको जानकारी दिएको थियो। त्यसमा २४ वटा त नेपालमै पर्ने र अन्य चीन र भारतमा पर्ने उल्लेख छ। यसअघि पनि विभिन्न २५ वटा ताल वा कुण्डहरु विस्फोट भएका थिए र तीमध्ये पछिल्लो दशकमै सेती, थामे, मेलम्चीमा आएको बाढीले जनधनको क्षति गराएको थियो। प्रतिवेदनमा अति जोखिममा देखाइएको छ्योरोल्पा हिमताल फुट्दैछ भन्ने सूचनाको आधारमा नेपाली सेनाको सक्रियतामा साइफन जडान गरी तालको पानीलाई बाहिर निकाल्ने काम हुँदा यसले विस्फोटको रुप लिन पाएन। त्यस्तै इम्जा तालको पानीमा सतह घटाएर तल्लो तटीय क्षेत्रलाई सुरक्षित गराउने काम भएको थियो। तर जोखिममा रहेका हिमतालहरुका बारेमा समयमै ध्यान पुऱ्याउन नसक्दा आज भोटेकोशीको बाढीको समस्या भोग्नुपरेको छ।

नेपालको उत्तरी सीमामा रहेको झण्डै आठ सय किमी पर्वतशृङ्खला हाम्रा पर्यटकीय सम्पदा हुन् तर आज तिनै ठाउँ हिम विस्फोट वा आइस बमजस्तो बन्न पुगेका छन्। विगत एक दशकका विभिन्न स्थानमा भएका हिमताल विस्फोटका घटनाले हामीलाई जनाउ घण्टी दिएको भए पनि त्यसका आधारमा कसरी सुरक्षित राख्न सकिन्छ भन्नेतर्फ ध्यान दिएनौँ। यसपटक रसुवाको भोटेकोशीमा आएको बाढीबाट हालसम्म १३ सयभन्दा बढीको ज्यान गइसकेको, चार हजारभन्दा बढी बेपत्ता भएको र निजी तथा सार्वजनिक सम्पत्तीको ठूलो क्षति भएको छ। पुर्ननिर्माणका लागि मात्रै नौ खर्बभन्दा बढी खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। यस्ता विपद्हरु फेरि पनि आउन सक्ने विभिन्न अध्ययनहरुले देखाइरहेको छ। यसले नेपालको अर्थव्यवस्था कसरी अगाडि बढ्न सक्छ ? विपद्मा प्रभावितको उद्धार, राहत, पुनर्निर्माण, पुर्नलाभ र पुनःस्थापना निकै महङ्गो पर्न जान्छ। विपद् भइसकेपछि क्षति कम गर्नेभन्दा विपद्को सम्भावित जोखिम पहिल्यै पहिचान गरी न्यूनीकरणमा ध्यान दिन आवश्यक छ। त्यसैले विज्ञानमा आधारित पूर्वतयारीलाई आत्मसाथ गर्नु नै विपद्बाट सुरक्षित हुने एक मात्र विकल्प हो। विपद्बाट बच्न जडान गरिने अत्याधुनिक पूर्वसूचना प्रणाली करिब सात लाख रुपैयाँमै राख्न सकिन्छ।

विपद् व्यवस्थापन कूटनीतिमा जोड

नेपालको भौगोलिक अवस्थाका कारण जलवायु परिवर्तन र सीमापार हुने विपद् (जस्तैः हिमताल विस्फोट वा सीमापार बाढी) लाई रोक्न छिमेकी मुलुकहरूसँग 'विपद् कूटनीति' मार्फत पूर्वसूचना प्रणाली र सहकार्य बलियो बनाउनु आवश्यक छ। उच्च जोखिममा रहेका हिमतालहरु चीनको तिब्बत क्षेत्रको हिमालयमा पर्ने हुँदा चीनसँगको सहकार्य अपरिहार्य छ।

तिब्बतमा रहेका हिमताल विस्फोट भई आउने बाढीको असर नेपालमा मात्र नभई भारतमा समेत पर्ने हुँदा यसमा भारतसँगको सहकार्य पनि आवश्यक हुन्छ। त्यसैले नेपालले दुवै छिमेकी मुलुकसँग विपद् व्यवस्थापन कूटनीति अपनाएर अगाडि बढ्नुपर्ने हुन्छ। नेपालले द्विपक्षीय र बहुपक्षीय तवरबाट विपद् व्यवस्थापन संवादलाई अगाडि बढाउनुपर्छ। खासगरी चीनसँग उच्च प्रविधि र सूचना रहने हुँदा पर्याप्त सहयोग लिन सकिने सम्भावना रहेको छ। केही वर्षअघि चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका अवसरमा भएको अन्तरदेशीय पूर्वसूचना सहमतिको कार्यान्वयनमा नेपालले जोड दिनुपर्छ।

राजनीतिक पार्टीहरुको भूमिका महत्त्वपूर्ण

नेपाल बाह्रै महिना कुनै न कुनै विपद्को उच्च जोखिममा रहेकाले यसको न्यूनीकरण र व्यवस्थापनका लागि आम शिक्षाको जरुरत छ। विपद्को समयमा सबैभन्दा पहिले समुदाय र स्थानीय सरकार नै अग्रसर हुनुपर्ने हुँदा स्थानीय नागरिकहरूमा विपद् शिक्षा र सचेतना बढाउनु पर्ने हुन्छ। यो काम राजनीतिक दलहरुले आफ्ना कार्यकर्ताहरुलाई परिचालन गरी गराउन सक्छन्। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० मा राजनीतिक दलले विपद् जोखिम न्यूनीकरण शिक्षा सञ्चालन गर्नुपर्ने भन्ने व्यवस्था नै गरेको छ। दलहरुले स्वयंसेवकहरु तयार गरी परिचालन गर्नु उनीहरुको कर्तव्य मानिएको छ। यो भनेको विपद् पूर्वतयारीको विषय हो।

त्यस्तै, तल्लो तटीय क्षेत्रमा भूमिको व्यवस्थापन गरी बस्ती र कृषियोग्य जमिनको पहिचान गर्नु आवश्यक छ। कुन ठाउँ बसोबास र कृषिका लागि उपयुक्त छ भन्ने कुरा स्थानीय सरकारले पहिचान गर्न सक्छ। विपद्को पहिलो प्रतिकार्यकर्ता स्थानीय समुदाय भएकाले समुदाय को क्षमता, सहभागिता र नेतृत्वलाई प्राथमिकता दिनुपर्छ। स्थानीय तहलाई स्रोत, जनशक्ति, प्रविधि र अधिकार सम्पन्न बनाएर विपद् व्यवस्थापनलाई स्थानीय स्तरमै प्रभावकारी बनाउन सकिन्छ। उसले प्रदेश र सङ्घीय सरकारको सहयोगमा भूमिको व्यवस्थापन गराउन सक्छ। विपद्को समयमा सङ्घ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज र गैरसरकारी संस्थाबीच स्पष्ट जिम्मेवारी र प्रभावकारी समन्वय आवश्यक पर्दछ। विपद्पछिको पुनर्निर्माण गर्दा पहिलेको जोखिम दोहोरिन नदिने गरी अझ सुरक्षित र उत्थानशील संरचना निर्माणमा जोड हुनपर्छ। त्यसैले सरकारले जस्तोसुकै अलोकप्रिय निर्णय गर्नु परे पनि सुरक्षित स्थानमा मात्रै बसोबासका लागि अनुमति दिनुपर्ने हुन्छ। यसका लागि पनि राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरुले आफ्ना मतदाताहरुलाई आश्वस्त तुल्याउन सक्नुपर्छ। विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रममै यसम्बन्धी अध्ययन अध्यापन गराई सुरक्षित जीवन यापनको सुनिश्चितता गराउन सकिन्छ।

अन्तरराष्ट्रिय समुदायसँग माग

हाम्रा शिरहरु हजारौँ वर्षदेखि बरफ र चट्टान बनेर बसेका छन्। जलवायु परिवर्तनका कारण वाष्फिकरणसँगै मौसमीय प्रणालीमा आउने फेरबदलसँगै ती बरफ वा चट्टानहरु हिमतालमा खस्ने र तालहरु फुट्न गई बाढीको रुपमा तल्लो तटीय क्षेत्रमा क्षति पुऱ्याउने घटनाहरु तीव्र रुपमा बढिरहेका छन्। यसपटकको भोटेकोशीको बाढी पनि यसको पछिल्लो उदाहरण हो। विश्वका औद्योगिक राष्ट्रहरुले गरेको उत्सर्जनका कारण हाम्रा हिमालहरुमा रहेका हिउँलाई छिटोछिटो पग्लिन गई विपद्को अवस्था निम्त्याएका कारण हामीले अर्काले खाएको विष लागेर मर्नुपर्ने अवस्था सिर्जना भएको छ। कार्बन उत्सर्जनमा हाम्रो भूमिका शून्य दशमलव २ प्रतिशत कम भए पनि त्यसको मुख्य असर सहनुपर्ने अवस्थाका बारेमा अब नेपालले जोडदारसँग विश्व समुदायलाई भन्नसक्नु पर्छ।

प्राकृतिक विपद् रोक्न सकिँदैन तर यसको क्षतिलाई भने न्यूनीकरण गर्न सकिन्छ। विपद् आएपछि उद्धार र राहतमा मात्र सीमित नराखी जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनः स्थापनासम्मको समग्र प्रक्रियाका रूपमा हेर्नुपर्छ। सम्भावित विपद्का लागि समुदाय, स्थानीय तह र राज्यका संयन्त्रलाई तयारी अवस्थामा राख्ने तथा प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्नु जरुरी छ। 'सेन्डाई फ्रेमवर्क'जस्ता अन्तरराष्ट्रिय मापदण्डहरूलाई नेपालको भूगोल सुहाउँदो गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिन आवश्यक छ।

जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, डढेलोजस्ता जोखिम बढाइरहेको अवस्थामा विपद् व्यवस्थापनलाई जलवायु अनुकूलन र उत्थानशील विकाससँग जोड्नुपर्छ। विपद्ले विनाश मात्र ल्याउँदैन, बरु भविष्यलाई अझ सुरक्षित र राम्रो बनाउने अवसरको रुपमा लिँदै अब हामीले हाम्रो इन्जिनियरिङलाई पनि विचार गर्नुपर्ने हुन्छ। नदीका किनारामा बस्ती मात्रै होइन, जलविद्युत् आयोजना, सडक, पुलजस्ता पूर्वाधारहरु निर्माण गर्दा सम्भावित बाढी, पहिरोबाट हुनसक्ने क्षतिको आँकलन गरेर मात्रै गर्नुपर्छ। यसपटकको भोटेकोशीबाट हामीले धेरै शिक्षा लिन सक्नुपर्छ। अब हामी राहत-केन्द्रित व्यवस्थापनबाट जोखिम-न्यूनीकरण र उत्थानशीलतातर्फको रूपान्तरणमा जानुपर्ने हुन्छ।

राज्यको संस्थागत क्षमता, स्थानीय समुदायको सहभागिता, पूर्वतयारी, समन्वय र सुरक्षित पुनर्निर्माणलाई एकीकृत गरेर मात्र विपद्को मानवीय तथा आर्थिक क्षति घटाउन सकिन्छ। (प्रस्तुत विचार पूर्व शिक्षामन्त्री एवं विपद् व्यवस्थापन विज्ञ डा गङ्गालाल तुलाधरसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित छ।)

## बाढीबाट अवरुद्ध विद्युत् जडान तीव्र

काठमाडौँ। रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट अवरुद्ध विद्युत् जडान गर्ने कामले तीव्रता पाएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार रसुवा बाढीका कारण अवरुद्ध विद्युत् सेवा पुनः सञ्चालन अभियानलाई तीव्रता दिइएको हो। मन्त्रालयले गत भदौ १० मा आएको विनासकारी बाढीको भोलिपल्टैदेखि सम्भव भएसम्म सबै स्रोतसाधन र जनशक्ति परिचालन गरेर विद्युतीकरणको काम अगाडि बढाएको थियो। विनासकारी बाढीले विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेका बेला मन्त्रालयले वैकल्पिक उपाय अपनाइ विद्युतीकरणलाई तीव्रता दिएको हो। मन्त्रालयका अनुसार हालसम्म रसुवामा करिब ८३ प्रतिशत र नुवाकोटमा करिब ९५ प्रतिशत विद्युत् सेवा पुनःस्थापना भइसकेको छ। यस्तै, विद्युत् सेवा पुग्न नसकेका स्थानमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत दुई किलोवाट क्षमताका सोलार प्रणाली सामुदायिक आश्रयस्थलका लागि र घरपरिवारका लागि आवश्यकता अनुसार व्यक्तिगत सोलार प्रणाली वितरण कार्य पनि भैरहेको छ।

## अर्थपूर्ण सहभागिता आवश्यक

जनकपुरधाम । स्थानीय तहको निर्णय प्रक्रिया तथा नीति निर्माणमा दलित र सीमान्तकृत महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

दलित महिला सङ्घ धनुषा द्वारा औरही गाउँपालिकामा बुधबार आयोजित 'स्थानीय सरकारको निर्णय प्रक्रियामा दलित तथा सीमान्तकृत महिलाको अर्थपूर्ण सहभागिताका लागि बहुसरोकारवालाबीच संवाद' कार्यक्रममा वक्ताले संविधानले दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरे पनि व्यवहारमा सहभागिता अझै अर्थपूर्ण बन्न नसकेको बताउनुभयो । कार्यक्रममा औरही गाउँपालिका अध्यक्ष उमाशङ्करप्रसाद साहले दलित तथा सीमान्तकृत समुदायको सशक्तीकरणका लागि शिक्षालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। "अधिकार मागेर मात्र प्राप्त हुँदैन, त्यसका लागि संघर्ष गर्नुपर्छ," अध्यक्ष साहले भन्नुभयो, "शिक्षा र चेतनाको विकाससँगै आफ्नो अधिकारका लागि आफैँ अग्रसर हुन आवश्यक छ।" औरही गाउँपालिका का प्रमुख प्रशासकीय अधिकृत उमेशप्रसाद यादवले मुलुकको नीति निर्माणदेखि राज्यका सबै संरचनामा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने बताउनुभयो । गाउँपालिकाले योजना छनोटदेखि कार्यान्वयन तथा अनुगमनसम्म दलित महिलाको सहभागिता गराउने प्रयास गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

औरही गाउँपालिका-६ का वडाध्यक्ष शङ्करप्रसाद साहले महिलाको हरेक निकायमा अर्थपूर्ण सहभागिताका लागि स्थानीय तहले प्राथमिकता दिनुपर्ने बताउनुभयो। दलित महिला सङ्घ धनुषाका अध्यक्ष सरस्वती मण्डलले राज्यका हरेक निकायमा दलित महिलाको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा दलित अभियन्ता विनोदकुमार महराले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय सरकारको नीति, योजना तथा निर्णय प्रक्रियामा दलित महिलाको सहभागिताको अवस्था, चुनौती र सुधारका उपायबारे धारणा समेत राख्नुभएको थियो ।

## बालिकालाई आमाको कलेजो प्रत्यारोपण

ललितपुर। किष्ट अस्पताल ललितपुर ले पाँच वर्षीया बालिकालाई आमाको कलेजो प्रत्यारोपण गरेको छ ।

किस्ट टिचिङ अस्पतालका प्रबन्ध निर्देशक डा अभिषेक थापाले विशेषज्ञ निगरानी पूरा भएपछि बालिकालाई 'डिस्चार्ज' गरिएको बताउनुभयो। बालिकाकी ३३ वर्षीया आमाले आफ्नै कलेजोको केही हिस्सा छोरीलाई दान गरेकी हुन् ।

सफल प्रत्यारोपणपछि बालिकाको स्वास्थ्य अवस्था स्थिर तथा सन्तोषजनक रहेको अस्पताल स्रोतले जनाएको छ ।

### बाढीबाट प्रभावित.................

विश्वस्तरमा मान्यता दिलाउन पहल गर्न, हिमालय संरक्षण तथा जलवायु अनुकूलनका लागि 'ग्रिन क्लाइमेट फन्ड'मा सहज वित्तीय पहुँच सुनिश्चित गर्न र 'साउथ-साउथ को अपरेसन' मार्फत हिमालय सम्बन्धी वैज्ञानिक अनुसन्धान तथा तथ्याङ्क आदान प्रदान अघि बढाउन सभापति लामिछानेले प्रस्ताव गर्नुभयो ।

त्यस्तै, सीमा-पार प्रारम्भिक चेतावनी तथा विपद् पूर्वसूचना प्रणाली विकास गर्न, हिमाली समुदायको जीवन, जीविकोपार्जन र सुरक्षित भविष्य संरक्षण गर्न तथा जलवायुजन्य हानि-नोक्सानी सम्बोधनका लागि अन्तरराष्ट्रिय सहयोग सुनिश्चित गर्न आवश्यक पहल गर्नुपर्ने बताउनुभयो ।

बाढीबाट भएको मृत्यु, बेपत्ता, विस्थापन तथा आर्थिक र गैरआर्थिक क्षतिको व्यवस्थित राष्ट्रिय 'क्षति तथा हानि अभिलेख' तयार गर्नुपर्नेमा जोड दिँदै उहाँले जलवायु परिवर्तनको भूमिकाबारे स्वतन्त्र वैज्ञानिक अध्ययन गराई त्यसैका आधारमा अन्तरराष्ट्रिय क्षति तथा हानिको दाबी गर्न पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

पुनर्निर्माणका नाममा नेपाली जनतामाथि थप ऋणको भार थोपर्न नहुने भन्दै उहाँले अनुदानमा आधारित अन्तरराष्ट्रिय जलवायु वित्त परिचालन गर्नेतर्फ नेपालको ध्यान जानुपर्ने उहाँले बताउनुभयो। साथै, हिमताल, हिमनदी, वर्षा र नदीको वास्तविक समय निगरानी तथा सीमापार पूर्वसूचना र तथ्याङ्क आदानप्रदान प्रणालीलाई राष्ट्रिय प्राथमिकतामा राखी सोहीअनुसार अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सभापति लामिछानेले अबको केही दिनमा हुने संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा नेपाली प्रतिनिधि मण्डलले जलवायु सङ्कट र हिमालय को अवस्थाबारे विश्व समुदायको ध्यानाकर्षण गराउनुपर्ने बताउनुभयो । उहाँले नेपालले अन्तरराष्ट्रिय मञ्चमा याचना गर्नेभन्दा तथ्य र प्रमाणसहित जलवायु न्यायको पक्षमा सशक्त एवं स्वाभिमानी कूटनीतिक पहल अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

विपत्तिबाट पाठ सिक्दै दीर्घकालीन कानुनी, वित्तीय तथा पूर्वतयारीको संरचना निर्माण गर्नुपर्नेमा उहाँको जोड थियो । प्रतिनिधिसभाको आजको बैठकमा सभापति लामिछानेले 'हामीसँग एउटै विकल्प छ-आँसु पुछेर फेरि उभिनु' भन्दैहुँदै बाढीमा ज्यान गुमाएका तथा प्रभावित नागरिकको पीडालाई राष्ट्रिय शक्ति र उनीहरूको बलिदानलाई राष्ट्रिय सङ्कल्पमा बदल्नुपर्ने बताउनुभयो ।

यही भदौ १० गतेको बाढीपश्चात् सत्तारुढ दल रास्वपाका सभापति लामिछानेले संसदमा समय लिएर प्राकृतिक विपत्तिको सामनाका लागि पहिलोपटक सम्बोधन गर्नुभएको थियो ।

## वर्षान्तको बजेट खर्च रोक्ने मधेसको नयाँ परीक्षण

धनुषा। मधेस प्रदेशमा विकास बजेट खर्च गर्ने पुरानो शैली परिवर्तन गर्ने प्रयास सुरु भएको छ । आर्थिक वर्षको अधिकांश समय विकास निर्माणका योजना अलपत्र राख्ने र असारमा आएर बजेट सक्नकै लागि धमाधम काम गर्ने प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकारले यस वर्ष आर्थिक वर्षको सुरुदेखि नै बजेट कार्यान्वयनमा लैजाने नीति लिएको छ ।

प्रदेशको अर्थ मन्त्रालयले सबै मन्त्रालयलाई बजेट कार्यान्वयन का लागि अख्तियारी उपलब्ध गराएपछि अब विकास आयोजनाको प्रक्रिया भदौबाटै अघि बढाउन बाटो खुलेको छ। मन्त्रालयहरूले योजना तयारी, लागत अनुमान, बोलपत्र आह्वान र ठेक्का प्रक्रियालाई सुरुदेखि नै अघि बढाउन सक्नेछन्। प्रदेश अर्थ मन्त्रालयको वेबसाइटमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन, विनियोजन ऐन, रातो किताब र वार्षिक विकास कार्यक्रमसमेत सार्वजनिक गरिएको छ ।

मधेस प्रदेशमा मात्र होइन, देशका धेरै सरकारी निकायमा आर्थिक वर्षको अन्त्यतिर विकास खर्च बढ्ने प्रवृत्ति पुरानै समस्या हो। वर्षको सुरुआतमा बजेट विनियोजन भए पनि योजना कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया ढिला हुने गर्छ । त्यसपछि आर्थिक वर्ष सकिन लाग्दा बजेट खर्च गर्ने दबाब बढ्छ। यही दबावले जेठ र असारमा सडक, नाला, भवन, कल्भर्टलगायतका काम एकैपटक अघि बढ्ने गरेका छन् । काम सम्पन्न गर्ने समय छोटिँदै जाँदा अनुगमन कमजोर हुने र निर्माणको गुणस्तरमा सम्झौता हुने जोखिम बढ्छ । अर्थमन्त्री युवराज भट्टराईका अनुसार विगतमा अर्थ मन्त्रालयले बजेट बनाउने तर मन्त्रालयहरूले समयमै बजेट प्राप्त नगर्ने गुनासो आउने गरेको थियो। अब भने विनियोजित बजेट कार्यान्वयनका लागि सुरुदेखि नै उपलब्ध गराउने व्यवस्था गरिएको छ । अर्थमन्त्री भट्टराई भन्नुभयो, "अब विगतमा जस्तो आर्थिक वर्षको अन्त्यमा हतारहतारमा विकास निर्माणको काम गर्नुपर्ने अवस्था हुँदैन ।" कुनै आयोजना कार्यान्वयनका लागि बजेटबाहेक विस्तृत अध्ययन, लागत अनुमान, प्राविधिक डिजाइन, जग्गा तथा वातावरणीय पक्ष, बोलपत्र कागज, ठेक्का सम्झौता र निर्माण व्यवसायीको परिचालनजस्ता धेरै चरण पार गर्नुपर्छ । यीमध्ये कुनै एक चरणमा ढिलाइ भयो भने सुरुमै बजेट उपलब्ध भए पनि आयोजना असारसम्म धकेलिन सक्छ ।

मधेस प्रदेशको नयाँ अभ्यासको वास्तविक परीक्षा अर्थ मन्त्रालयले बजेट खुला गरेको दिनभन्दा मन्त्रालयहरूले बोलपत्र कहिले निकाल्छन्, सम्झौता कहिले गर्छन् र निर्माणस्थलमा काम कहिले सुरु हुन्छ भन्नेमा निर्भर हुनेछ । यसपटक प्रदेश सरकारले विकास निर्माणका काम बोलपत्र प्रक्रिया मार्फत अघि बढाउने नीतिले उपभोक्ता समितिमार्फत गरिने साना-साना योजनाको विकल्प खोजेको देखिन्छ ।

चालु आर्थिक वर्षको बजेटमा रु एक करोडभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिइएको छ। प्रदेश सभाबाट पारित बजेटमा यस्तो व्यवस्था गरिनुको एउटा प्रमुख कारण टुक्रे योजनाको सङ्ख्या घटाउनु र सीमित स्रोतलाई ठूला तथा परिणाममुखी आयोजनामा केन्द्रित गर्नु हो । विगतमा साना योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्दा योजना छनोटदेखि भुक्तानीसम्म अनियमितता र कमिसनको खेल हुने गरेको आरोप लाग्दै आएको थियो ।

रु एक करोडको सीमा र बोलपत्र प्रणालीले यस्ता सम्भावना घटाउने अपेक्षा गर्न सकिन्छ तर यसलाई आफैँमा भ्रष्टाचार नियन्त्रणको पूर्ण उपाय मान्न भने सकिँदैन । प्रणालीसँगै ठेक्का व्यवस्थापन, प्राविधिक अनुगमन, सार्वजनिक सूचना र कामको गुणस्तर परीक्षण पनि बलियो हुन आवश्यक रहेको सरोकारवाला बताउँछन् । प्रदेश सरकारले बोलपत्रलाई प्राथमिकता दिएपछि अर्को प्रश्न स्थानीय सहभागिताको हो । उपभोक्ता समितिबाट हुने काममा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता हुने भएकाले कतिपय अवस्थामा साना सामुदायिक संरचना निर्माणमा त्यसको उपयोगिता देखिँदै आएको छ। तर यही माध्यमबाट योजना टुक्र्याउने, राजनीतिक पहुँचका आधारमा योजना बाँड्ने र कमिसनको आरोप लाग्ने अवस्था पनि देखिएको छ । बोलपत्रमा गएर पनि ठूला निर्माण व्यवसायीले काम ओगट्ने, समयमा सम्पन्न नगर्ने र स्थानीय आवश्यकता लाई बेवास्ता गर्ने अवस्था आयो भने मात्र प्रणाली परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन ।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट ल्याएको छ । बजेट ठूलो भए पनि यसको सम्पूर्ण रकम प्रदेशको आफ्नै राजस्वबाट मात्र आउने होइन । सङ्घीय अनुदान तथा राजस्व प्राप्तिमा कमी आएमा प्रदेशको खर्च क्षमता प्रभावित हुन सक्छ ।

अर्थ मन्त्रालयले केही मन्त्रालयका केही शीर्षकको बजेट रोक्का राखेको जनाएको छ। स्रोतको अनिश्चितताबीच सबै बजेट एकैपटक खुला गर्दा भविष्यमा भुक्तानी व्यवस्थापनमा समस्या आउन सक्ने जोखिमलाई सरकारले ध्यान दिनुपर्ने देखिन्छ । बजेट समयमै उपलब्ध गराउने र स्रोतको सुनिश्चितता कायम गर्नेबीच सन्तुलन कायम राख्नु पनि नयाँ अभ्यासका लागि चुनौती बन्नसक्ने सम्भावना देखिन्छ ।

मधेस प्रदेशले बजेट खर्चको पुरानो अभ्यास बदल्न खोजेको छ तर विकास बजेटको सफलता खर्च प्रतिशतले मात्र मापन गर्नु अर्को पुरानो गल्ती हुनेछ । यदि भदौ महिनामै ठेक्का लाग्यो तर आयोजना वर्षौंसम्म सम्पन्न भएन भने समयमै बजेट कार्यान्वयन हुन सक्दैन ।

प्रदेश सरकारका लागि मुख्य चुनौती कति बजेट खर्च भयो' होइन, 'कति काम समयमा, गुणस्तरीय र पारदर्शी रूपमा सम्पन्न भयो भन्ने कुराले बजेको सही कार्यान्वयनलाई पुष्टि गर्दछ। खर्च बढ्यो तर सडक केही महिनामै भत्कियो, भवन प्रयोगविहीन भयो वा उक्त आयोजना नागरिकको आवश्यकताअनुसार भएन भने त्यसलाई विकासको उपलब्धि मान्न सकिँदैन। प्रदेश सरकारले विगतको वर्षान्तमुखी खर्च प्रणाली परिवर्तन गरी अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउने कामसँगै मन्त्रालयहरूको कार्यसम्पादन पनि नियमित रूपमा सार्वजनिक गर्नुपर्ने देखिन्छ। मधेस प्रदेशको यो नीति बजेट खर्च गर्ने समय परिवर्तन गर्ने मात्र होइन, विकास प्रशासनको कार्यशैली परिवर्तन गर्ने अवसर पनि हो । असारको अन्तिम दिन बजेटसक्ने संस्कार तोडेर भदौदेखि नै काम सुरु गर्ने अभ्यास संस्थागत गर्न सकियो भने प्रदेशको विकास खर्चमा मात्र होइन, सार्वजनिक निर्माणको गुणस्तरमा सुधार आउन सक्छ ।

## भोटेकोशी बाढी प्रभावितलाई राहतसँगै रोजगारी र सहुलियत ऋण दिन सांसदको माग

काठमाडौँ । राष्ट्रियसभाका सांसदहरूले भोटेकोशी बाढी प्रभावितलाई राहतसँगै रोजगारी र सहुलियत ऋण दिन माग गर्नुभएको छ ।

राष्ट्रियसभाको बुधबारको बैठकको विशेष समयमा सांसदहरू ले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत वितरण, पुनःस्थापना र पुनर्निर्माणका कामलाई प्रभावकारी बनाउन तथा प्रभावितलाई रोजगारी र सहुलियत पूर्ण ऋणको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

सांसद मोहम्मद खालिदले भोटेकोशी बाढीप्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत वितरण, पुनःस्थापना र पुनर्निर्माणलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। प्रभावित नागरिकका लागि रोजगारीको व्यवस्था तथा सहुलियत पूर्ण ऋण उपलब्ध गराउन आवश्यक रहेको समेत उहाँको भनाइ छ ।

खालिदले मुलुकमा खाना पकाउने एलपी ग्यासको अभाव बढ्दै गएको उल्लेख गर्दै दैनिक करिब एक लाख सिलिन्डरको माग रहेकामा ३० हजार सिलिन्डर मात्र आपूर्ति भइरहेको बताउनुभयो । दैनिक उपभोग्य वस्तुको मूल्यसमेत बढिरहेको भन्दै बजार व्यवस्थापनमा सरकारको ध्यान जानुपर्ने उहाँले जोड दिनुभयो। सांसद तुलप्रसाद विश्वकर्माले रसुवा बाढीपीडितलाई समयमै राहत उपलब्ध गराउन तथा सम्पर्कविहीन व्यक्तिको खोज तथा उद्धारलाई प्राथमिकता दिन सरकारसँग आग्रह गर्नुभयो । बाढीप्रभावित क्षेत्रमा स्वास्थ्य जोखिम बढ्न सक्ने भएकाले प्रभावितको स्वास्थ्य परीक्षण तथा उपचार सहितको उचित व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद ललितजङ्ग शाहीले सोही क्रममा भोटेकोशी बाढी जलवायु परिवर्तनका कारण उत्पन्न भएको भन्दै जलवायु परिवर्तनमा नेपालको योगदान नगन्य रहे पनि त्यसको असर नेपालले ठूलो मात्रामा भोग्नुपरेको बताउनुभयो । "जलवायुजन्य विपद्बाट भएको क्षतिका लागि धनी मुलुकले क्षतिपूर्ति दिनुपर्ने र हानि तथा नोक्सानी कोषबाट नेपाललाई पर्याप्त रकम उपलब्ध गराउनुपर्छ," उहाँले भन्नुभयो। सांसद रेणु चन्दले पनि भदौ १० गतेको भोटेकोशी बाढीको विपद् व्यवस्थापनमा केन्द्र र स्थानीय सरकारबीच पर्याप्त समन्वय हुन नसकेकोमा दुःख व्यक्त गर्नुभयो । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएकाले विपद् व्यवस्थापनमा स्थानीय सरकारलाई पर्याप्त स्रोत, साधन र अधिकार दिनुपर्ने उहाँको भनाइ छ ।

"प्रदेश सरकारले तुइन निर्माणलगायतका माध्यमबाट समेत प्रभावित क्षेत्रमा सहयोग गरेको छ," सो क्रममै उहाँले भन्नुभयो, "होल्डिङ सेन्टरमा रहेका विस्थापितलाई लामो समयसम्म राखिराख्नुको सट्टा उचित स्थानमा व्यवस्थापन गर्नुपर्छ । गर्भवती महिला, बालबालिका, अशक्त तथा बिरामीको विशेष हेरचाहको व्यवस्था हुनुपर्छ ।"

सांसद किरणबाबु श्रेष्ठले राष्ट्रिय सङ्कटको समयमा सबै नेपाली एकजुट हुनुपर्ने बताउनुभयो। विपद् प्रभावितको उद्धार तथा सहयोगका लागि राज्यका सबै निकाय र नागरिक एकताबद्ध भएर



अघि बढ्नुपर्ने उहाँको भनाइ छ । सांसद गीता देवकोटाले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा समयमा उद्धार हुन नसक्दा धेरै नागरिकले ज्यान गुमाउनुपरेको समेत बताउनुभयो ।

विपद्बाट विस्थापित नागरिकलाई समयमै उचित स्थानमा व्यवस्थापन गर्नुपर्ने तथा पहिरोका कारण अवरुद्ध सडक सञ्चालनका लागि तत्काल पहल गर्नुपर्ने उहाँले बताउनुभयो ।

राहत वितरण वैज्ञानिक र आवश्यकताको आधारमा हुनुपर्नेमा जोड दिँदै उहाँले तत्काल विपद् प्रतिरोधी संरचना निर्माण गर्न, प्रभावितका लागि पुनःस्थापनाको विशेष प्याकेज ल्याउन तथा विपद्बाट प्रभावित नागरिकलाई मनोसामाजिक परामर्श उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो ।

# सर्वोच्च अदालतले आफूहरूलाई न्याय दिने पूर्वसभापति देउवाको विश्वास

भक्तपुर । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले सर्वोच्च अदालतले पार्टीको आधिकारिकताबारे आफूलाई न्याय दिने विश्वास व्यक्त गर्नुभएको छ। पार्टीको विवादका विषयमा सर्वोच्च अदालतले उहाँको पक्षलाई निस्सा दिएपछि देउवाको त्यस्तो विचार आएको हो ।




नेपाली कांग्रेस भक्तपुर जिल्ला समितिले ११३ औँ बीपी जयन्तीको अवसरमा आज भक्तपुरमा आयोजना गरेको 'बिपी विचार, राष्ट्रिय राजनीति र नेपाली कांग्रेस विषयक' विचार गोष्ठीमा बोल्दै उहाँले सर्वोच्चबाट आफूहरूले न्याय पाउने विश्वास व्यक्त गर्नुभएको हो ।

रसुवा भोटेकोशी बाढीमा परेकाको छिटो राहत र उद्धारमा सरकार लाग्नुपर्ने उहाँले बताउनुभयो । कार्यक्रममा कांग्रेस नेताहरू शशाङ्क कोइराला, प्रकाशमान सिंह, कृष्ण सिटौला, विमलेन्द्र निधी, डा. प्रकाशशरण महत, विनोद कायस्थ, सुरेन्द्र श्रेष्ठलगायत नेताहरूले कांग्रेसलाई एक ढिक्का बनाएर लैजानु पर्ने र त्यसका लागि विधानसम्मत नियमित महाधिवेशनमा जानुपर्ने बताउनुभयो ।

# मोटरसाइकल चोरीको अभियोगमा तामाङ पक्राउ

काठमाडौँ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले मोटरसाइकल चोरी गरेको अभियोगमा एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धादिङको गजुरी गाउँपालिका-७ घर भई हाल काठमाडौँ महानगरपालिका-१४ बस्दै आएका दावा तामाङ रहेका छन् । प्रहरीका अनुसार तामाङले काठमाडौँको नागार्जुन नगरपालिका-९ स्युचाटारस्थित शिवराज पाठकको घर अगाडि पार्किङ गरी राखिएको एक मोटरसाइकल चोरी गरेका थिए । मोटरसाइकल चोरी गरी फरार रहेका तामाङलाई काठमाडौँ महानगरपालिका-१४ बाट पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक शरत्कुमार थापा क्षेत्रीले जानकारी दिनुभयो। पक्राउ परेका तामाङलाई थप आवश्यक कानुनी कारबाहीका लागि प्रहरी वृत्त कालीमाटी, काठमाडौँ पठाइएको प्रहरीले जनाएको छ ।

# अपर म्याग्दी-१ को सुरुङ 'ब्रेक थ्रु'

म्याग्दी । त्रिपन्न दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ जलविद्युत् आयोजनाको अडिटदेखि बाँधतर्फको सुरुङ 'ब्रेक थ्रु' (छेडिएको) छ ।

म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको धवलागिरि गाउँपालिका-४ छहरीमा रहेको अडिटदेखि मालिका गाउँपालिका-७ भारवाङमा निर्माणाधीन विद्युत्गृहतर्फ जोड्ने सुरुङ बुधबार जोडिएको हो। आयोजना प्रमुख ज्योतिकुमार केसीले अडिटदेखि बाँधतर्फ जोड्ने दुई हजार ५०६ दशमलव ३९ मिटर सुरुङ ब्रेक थ्रु भएको जानकारी दिनुभयो। "छहरीको अडिटदेखि धवलागिरि गाउँपालिका-४ खाम्लास्थित बाँधतर्फको तीन हजार २८३ दशमलव ३२ मिटरमध्य हालसम्म एक हजार ९७३ मिटर सुरुङ निर्माण सकिएको छ", उहाँले भन्नुभयो, "बाँकी सुरुङ पनि केही महिनाभित्रनै सम्पन्न गर्ने लक्ष्य सहित काम भइरहेको छ ।"हालसम्म समग्रमा ५६ प्रतिशत भौतिक प्रगति भएको र आगामी एक वर्षभित्र सम्पन्न हुने आयोजना प्रमुख केसीले जानकारी दिनुभयो । विसं २०८० चैत १९ मा सम्झौता र २०८१ वैशाख २८ गते कार्यक्षेत्रमा परिचालित भएको सिभिल ठेकेदार लुना बिल्डर्स एण्ड कन्ट्र्याक्टरले विसं २०८१ भदौ महिनादेखि मुख्य सुरुङ निर्माण थालेको थियो ।

बाँध, सुरुङ र विद्युत्गृह निर्माणका साथै हाइड्रो र इलेक्ट्रोमेकानिकलतर्फको कामलाई तीव्र पारिएको छ । बर्खायाममा आयोजना निर्माणस्थलमा पर्ने बेनी-दरबाङ सडकको फापरखेत पहिरो, दुखुखोला सडक पुल जोखिममा पर्ने र शिवरात्रिखोला सडक पुल निर्माणमा भएको ढिलाइएको असर अपर म्याग्दी-१ लगायतका जलविद्युत् आयोजना निर्माणमा परेको छ। सानिमा बैंकको नेतृत्वमा छ वटा बैंकको ऋण, प्रवर्द्धक कम्पनी र सर्वसाधारणको शेयरमार्फत जुटाइने ११ अर्ब २३ करोड २७ लाख छ हजार रुपैयाँको लगानीमा निर्माण हुने आयोजनाको विद्युत् गृह मालिका गाउँपालिका-७ भारवाङमा रहनेछ ।

भारवाङदेखि एक दशमलव पाँच किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन बनाएर नेपाल विद्युत् प्राधिकरणले मालिका गाउँपालिका-७ डाँडाखेतमा निर्माण गरिरहेको १३२ केभी क्षमताको सवस्टेशनबाट यस आयोजनाबाट वार्षिक औसत ३१५ दशमलव ०१ गिगावाट घण्टा विद्युत् केन्द्रीय लाइनमा जोडिनेछ। रन अफ द रिभर प्रकृतिको आयोजनाको आउटलेटदेखि विद्युत् गृहको उचाइ १९६ मिटर रहेको छ। आउटलेटबाट पानीलाई विद्युत् गृहमा खसाल्न ६९२ मिटर पेनस्टक पाइप जडान गरिने भएको छ ।

## सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन

नेपाल सरकार,
विज्ञापन बोर्ड

# नेपाल टेलिकमको फाइबर नेटवर्क पुनः सञ्चालन

काठमाडौँ । यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीका कारण क्षतिग्रस्त नेपाल टेलिकमको फाइबर नेटवर्कको पहिलो चरणको पुनःस्थापना कार्य सम्पन्न भएको छ ।

बाढीका कारण रसुवागढी र बेत्रावतीमा एक-एक वटा अप्टिकल लाइन टर्मिनल (ओएलटी) तथा रसुवागढी, बेत्रावती र त्रिशूलीमा एक एक वटा गरी पाँच फाइबर क्याबिनेट (एफडीसी) तथा करिब १२८ किलोमिटर एरियल अप्टिकल फाइबर केबल बगाएको थियो । बाढीका कारण ती क्षेत्रमा नेपाल टेलिकमका कुल एक हजार ५४४ वटा एफटीटीएच लाइन पूर्णरूपमा प्रभावित भएका थिए । विपद्लगत्तै नेपाल टेलिकमले प्राविधिक जनशक्ति तथा आवश्यक स्रोतसाधन परिचालन गरी नेटवर्क मर्मत तथा पुनःस्थापनाको कामलाई तीव्रता दिएको थियो । हालसम्म प्रभावितमध्ये एक हजार ९३ एफटीटीएच लाइन पुनः सञ्चालनमा ल्याइएको कम्पनी ले जनाएको छ। कम्पनीका प्रवक्ता कमल लामिछानेका अनुसार यससँगै पहिलो चरणको सेवा पुनः सञ्चालनकार्य सम्पन्न भएको छ ।

बाँकी प्रभावित लाइन सम्बन्धित क्षेत्रको भौगोलिक तथा बस्तीको अवस्था, प्राविधिक सम्भाव्यता र ग्राहकको मागका आधारमा क्रमशः सञ्चालनमा ल्याइनेछ ।

# बाढीप्रभावित विद्यार्थीलाई मनोसामाजिक परामर्शपछि मात्रै कक्षा सञ्चालन गर्न निर्देशन

काठमाडौँ । शिक्षा विभागले रसुवा जिल्लाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित विद्यालयका विद्यार्थीलाई मनोसामाजिक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराएपछि मात्रै नियमित कक्षा सञ्चालन गर्न सम्बन्धित स्थानीय तह र विद्यालयलाई निर्देशन दिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत शिक्षा विभागको योजना तथा कार्यक्रम शाखाले आज जारी गरेको पत्रमा बाढीका कारण प्रभावित विद्यार्थीमा भय, त्रास, तनाव तथा अन्य मनो-सामाजिक असर पर्न सक्ने भएकाले नियमित पठनपाठन सुरु गर्नुअघि उनीहरूको मनोसामाजिक अवस्था बुझ्न आवश्यक रहेको उल्लेख गरिएको छ ।

विभागले बुधबार नै सम्बन्धित विद्यालय तथा स्थानीय तहलाई स्वास्थ्य संस्था र स्वास्थ्य कर्मीसँग समन्वय गरी विद्यार्थीहरूको मनोसामाजिक अवस्था पहिचान गर्न अनुरोध गरेको छ। आवश्यकता देखिएमा विद्यार्थीलाई मनोसामाजिक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराई उनीहरू नियमित कक्षा सञ्चालनका लागि तयार भएको सुनिश्चित गर्नुपर्ने विभागको भनाइ छ। त्यसपछि मात्रै नियमित पठनपाठन सञ्चालन गर्ने व्यवस्था मिलाउन विभागले अनुरोध गरेको छ ।

यसैगरी बाढीका कारण विद्यार्थीहरूको सिकाइमा पर्न सक्ने प्रतिकूल प्रभाव कम गर्न सुरक्षित तथा बालमैत्री वातावरणमा विद्यालय सञ्चालन गर्न पनि विभागले सम्बन्धित निकायलाई आग्रह गरेको छ । विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायबीच आवश्यक समन्वय गरी प्रभावित विद्यार्थीको शैक्षिक तथा मनोसामाजिक अवस्थालाई प्राथमिकतामा राखेर काम गर्न विभागले निर्देशन दिएको हो ।

# भोटेकोशी बाढीः हुम्लाका चार जनाको दाहसंस्कार

हुम्ला। रसुवाको भोटेकोशी बाढीमा परी बेपत्ता भएका हुम्लाका चार जनाको काठमाडौँस्थित पशुपति आर्यघाटमा पुत्ला बनाएर दाह संस्कार गरिएको छ ।

यही भदौ १० गते गएको बाढीमा परी हुम्लाका सात जना बेपत्ता भएका थिए ।

ती सातजनामध्ये चार जनाको यही भदौ २३ गते १३ दिनको पुण्यतिथिको अवसर पारेर आफन्तले हिन्दू धार्मिक संस्कार अनुसार पुत्ला बनाई दाहसंस्कार गरेका हुन्। दाहसंस्कार गरिएकाहरुमा अनिता रावत, जनक बुढा, कविता बुढा र रियान्सा बुढा रहेका छन् । अनिता र जनक खार्पुनाथ गाउँपालिका-१ गोप्काका हुन् भने कविता र रियान्सा सर्केगाड गाउँपालिका-८ का बासिन्दा रहेका उहाँहरुका आफन्त भीमबहादुर रोकायाले बताउनुभयो । उहाँका अनुसार बेपत्ता भएकाहरुको १३ दिनसम्म पनि कुनै खबर नआएपछि दाहसंस्कार गरिएको हो । बेपत्ता भएकामध्ये यसअघि एक जनाको शव फेला परेको थियो भने अन्य दुईको अवस्था अझै अज्ञात छ ।

पर्साः यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा परी पर्सा जिल्लाका बेपत्ता भएकाहरूको दाहसंस्कार गर्न थालिएको छ ।

धेरै दिनसम्म खोजी गर्दा समेत कुनै जानकारी नआएपछि उनीहरुका परिवारजनले आ-आफ्नो रीतिरिवाजअनुसार दाहसंस्कार गर्न थालेका हुन् ।

जिल्लाको कालिकामाई गाउँपालिकाका आलोक चौरसिया र गौरीशङ्कर चौरसिया, वीरगञ्ज महानगरपालिकाका आरभ चौरसिया तथा पर्सागढी नगरपालिकाका नरेश राईको कुशको शव बनाई दाहसंस्कार गरिएको छ ।

# एभरेस्ट भ्यु ट्रेल रेसलाई अन्तरराष्ट्रिय मान्यता

सोलुखुम्बु। 'एभरेस्ट भ्यु ट्रेल रेस'ले अन्तरराष्ट्रिय मान्यता पाएको छ।

सोलुखुम्बु जिल्लाको माप्य दूधकोशी गाउँपालिकाले आयोजना गर्दै आएको उक्त रेसले मान्यता पाएको हो। पर्यटन प्रवर्द्धन, प्रकृति संरक्षण र खेलकुद विकासलाई जोड दिँदै आयोजना हुँदै आएको यो साहसिक दौडले फ्रान्सको विश्व प्रसिद्ध 'अल्ट्रा ट्रेल' संस्थाबाट आधिकारिकता पाएको हो ।

अन्तराष्ट्रिय ट्रेल धावक सङ्घले यस दौडलाई तीन अङ्क प्रदान गरेको छ। मान्यता प्राप्त दौड पूरा गरेपछि धावकले दूरी र उचाइको कठिनाइका आधारमा अङ्क पाउँछन्, जसले विश्वप्रसिद्ध अन्य ठूला अन्तराष्ट्रिय दौडमा छनोट हुन सहयोग पुऱ्याउँछ । नेपालमा आयोजना हुने मञ्जुश्री, सिन्धु-पाल्चोक र रनउकु जस्ता दौड प्रतियोगिताले यसअघि मान्यता पाइसकेका छन् । अन्तरराष्ट्रिय आधिकारिकता प्राप्तपछि गाउँपालिका अध्यक्ष बुद्धिकिरण राईले खेलकुदलाई पर्यटन, प्रकृति, संस्कृति र साहसिक यात्रासँग जोड्ने अभियानले सार्थकता पाएको बताउनुभएको छ ।

यसबाट स्थानीय प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई विश्वसामु पुऱ्याउन सहज हुने विश्वास लिइएको छ। करिब ४८ किलोमिटर लामो यो दौडको उचाइ दुई हजार ९१४ मिटर रहेको छ। दौड पूरा गर्नका लागि अधिकतम ७ घण्टा ४५ मिनेटको समय सीमा निर्धारण गरिएको छ । भौगोलिक रूपमा चुनौतीपूर्ण मानिएको यो दौडले धावकको सहनशीलता र क्षमताको वास्तविक परीक्षा लिनेछ। दौडको सुरुआत समुद्री सतहबाट एक हजार ८०३ मिटर उचाइमा रहेको निर्माणाधीन कोर्कु रङ्गशाला बाट महभीरतर्फ अघि बढ्नेछ ।

महभीर नेपालकै उत्कृष्ट चट्टान आरोहण र डोरीको सहारामा ओर्लिने गन्तव्यका रूपमा परिचित छ। सिलगुडी पुगेर धावकले विश्वको सर्वोच्च शिखर सगरमाथाका साथै कञ्चनजङ्घा नुम्बुर, थामसेर्कु र मेरा पिकजस्ता हिमशिखरको दृश्यावलोकन गर्न पाउनेछन् ।

दौडको सबैभन्दा उच्च बिन्दु तीन हजार १८१ मिटरमा रहेको कुधम उच्च शिविर हो, जहाँ यात्राका क्रममा धावकले मनमोहक ब्लास झरनाको समेत अनुभव गर्नेछन्। ट्रेलको मुख्य धार्मिक स्थल कैलाशनाथ महादेव मन्दिर हो, जहाँ पौराणिक मान्यताअनुसार हलेसीबाट फर्कने क्रममा भगवान् महादेवले विश्राम गरेको जनविश्वास छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com